प्रस्तवाहरु.

१। सडक बोर्ड नेपालको आ.व. २०८१/०८२ को बजेट स्वीकृति सम्बन्धमा ।

२। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको प्राथमिकताक्रम सुची सम्बन्धमा ।

३। सुचिकृत बेरोजगार मध्यबाट प्राथमिकताक्रमको आधारमा श्रमिक छनौट सम्बन्धमा ।

४। राजस्व सुधार योजना निर्माण कार्यदल गठन गर्ने सम्वन्धमा ।

५। विविध सम्बन्धमा ।

- मेलालाई आर्थिक सहयोग सम्बन्धमा ।
- रोजगार संवाद मंचको निर्णय अनुमोदन सम्वन्धमा ।
- गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
- डी.पि.आर गर्ने सम्बन्धमा ।
- जानकी गाउँपालिकाको स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।
- WASH PLAN(वास प्लान) अनुमोदन तथा अद्यावधिक सम्बन्धमा ।

निर्णय तथा छलफलहरु :

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा सडक बोर्ड नेपाल को मिति: २०८१/०६/१३ गते चलानी नं. ४३९ को प्राप्त पत्रानुसार यस जानकी गाउँपालिका बाँकेलाई चालु आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि ब.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८१/०६/०७ गतेको निर्णयानुसार रु.१२,००,०००/-(अक्षरेपी बाह्र लाख मात्र) बजेट स्वीकृत भएको र सो बजेट कार्यान्वयन गर्दा बोर्डको संलग्न सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मागदर्शन पालना गर्ने र बोर्डबाट विनियोजित बजेट र गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) तथा उल्लेखित मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund) बराबरको रकम समेत समावेश गरी तपशिल बमोजिमको रोड तथा बाटो मर्मत २०८१ साल मंसिर मसान्त भित्र वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने भनी निर्णय गरियो ।

तपशिल :

क. जानकी गाउँपालिका वडा नं. १ को बढैया पुल देखि शिवपुरी सम्मको बाटो मर्मत सम्भार ।

प्रस्ताव नं.२ को बुँदा मा बृहत छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको वडा नं. २,३,४ र ६ को जम्मा १५० बेरोजगारहरुको अनलाईन प्रणाली EMIS सफ्टवेयरमा प्राथमिकताक्रम अनुसार सूचीकृत भएका सबै व्यक्तिहरु बेरोजगार भएको सर्वसम्मत निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.३ को बुँदा मा बृहत छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०८१/८२ को लागि युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको लागि वडा नं. २ मा १५ जना, वडा नं. ३ मा १० जना, वडा नं. ६ मा १५ जना र कामको लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गत वडा नं. ४ मा १० जना सुचिकृत बेरोजगार मध्यबाट EMIS ले निर्धारण गरेको प्राथमिकताक्रमको आधारमा छनौट गरी न्यूनतम १०० दिनको रोजगारीमा संलग्न गराउने निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदा मा बृहत छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ बमोजिम स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार दिएको सन्दर्भमा जानकी गाउँपालिकाको समग्र राजस्व सुधार योजना निर्माण गरि राजस्वको दायरा वृद्धि गर्ने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐनको दफा १४ को उपदफा २ तथा जानकी गाउँपालिकाको राजस्व सुधार योजना निर्माण प्रारूप २०८१ को परिच्छेद ३ को दफा २ को उपदफा १ बमोजिम यस जानकी गाउँपालिकामा तपसिलको राजस्व सुधार योजना निर्माण कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. श्री सुनिल नेपाली, प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. श्री मतीन अहमद अन्सारी, लेखा अधिकृत | सदस्य |
| ३. श्री खगेन्द्र के.सी., योजना शाखा | सदस्य |
| ४. श्री लाल बहादुर राना ३ नं. वडा सचिव | सदस्य |
| ५. श्री दिपक के.सी. | सदस्य |
| ५. श्री सुरेश बोहरा राजस्व शाखा प्रमुख | सदस्य सचिव |

प्रस्ताव नं.५ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल :

- जानकी गाउँपालिका अन्तर्गत वडा नं. २ को जोगागाउँ र वडा नं. ५ को गुरुवागाउँमा मिति : २०८१/०७/३० गते देखि मंसिर ०२ गते सम्म संचालन हुने कार्तिक शुक्ल पुर्णिमाको नहान मेलामा वडा नं. २ जोगागाउँ कार्तिक पुर्णिमा मेला व्यवस्थापन समितिलाई रु.२,००,०००/-(अक्षरेपी दुई लाख मात्र) तथा वडा नं. ५ गुरुवागाउँको कार्तिक पुर्णिमा मेला व्यवस्थापन समितिलाई रु.२,५०,०००/-(अक्षरेपी दुई लाख पचास हजार मात्र) **धार्मिक तथा साँस्कृतिक, चाडपर्व, मेला, भण्डारा, दिवस** शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति : २०८१/०७/२५ गते जानकी गाउँपालिकाका अध्यक्ष तथा रोजगार संवाद मंचको संयोजक श्री छब्बन खाँज्युको संयोजकत्वमा बसेको बैठकको सबै प्रस्ताव तथा निर्णयहरुलाई अनुमोदन गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- जानकी गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति : २०८१/०७/०७ गते बसेको बैठकको सबै प्रस्ताव तथा निर्णयहरुलाई अनुमोदन गरियो ।
- जानकी गा.पा.अन्तर्गत वडा नं. ४ को जानकी नगरमा रहेको साबिक खजुराखुर्द गा.वि.स. वडा नं. ६,सि नं ०३५-१३२६, कित्ता नं. १२ मध्ये दक्षिण तर्फ प्रतिं परेको ऐलानी जग्गामा गौशाला निर्माणका लागि डी.पि.आर गर्ने निर्णय गरियो ।
- जानकी गाउँपालिकाको स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गरी राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।
- गाउँपालिका द्वारा WASH PLAN(वास प्लान) निर्माण कार्य सम्पन्न भएको र कार्यान्वयनको लागि अगाडी बढाउने साथै क्रमिक रुपमा अद्यावधिक गर्न आवश्यक निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३